तमु एकताको सन्देश, तमुवान स्वायत्त प्रदेश
ऐतिहासिक प्रथम तमु एकता राष्ट्रिय महाधिवेशनको मान्यता !
आत्मनिर्णयको अधिकार सहित तमुवान स्वायत्त राज्यको सुनिश्चितता !!

# ऐतिहासिक प्रथम तमु एकता राष्ट्रिय महाधिवेशनमा प्रस्तुत प्रतिवेदन

**बन्दसत्र कार्यक्रमका आरदणीय अध्यक्ष मण्डल तथा प्रतिनिधि एवं पर्यवेक्षकज्यूहरु !**

प्रतिवेदन तयारी समितिको संयोजकको हैसियतले यस सम्मानीत बन्दसत्र समारोहमा प्रथमत म यहाँहरु सवैमा हार्दिक न्यानो अभिवादन छ्याजलो टक्रयाउन चाहान्छु ।

वर्तमान देशको परिस्थितिको कारणले गर्दा यस ऐतिहासिक एकता राष्ट्रिय महाधिवेशनमा आत्मै देखि सहभागी हुने इच्छा र चाहना भएतापनि भौतिक रुपले धेरै संगठित साथीहरु यस महाअभियानको उल्लासमय वातावरणमा अनुपस्थित रहन वाध्य हुनु भएको छ । खास गरीकन तमु छोंज धीं अर्न्तगतका मध्य पश्चिम र सुदर पश्चिमका करिब १३ वटा जिल्लाका साथीहरु देशको प्रतिकुल वातावरणले गर्दा उपस्थित हुन सक्नुभएको छैन र पनि टेलिफोन मार्फत हामी एकतामा भावनात्मक हिसावले तपाईहरुकै साथमा रहेका छौ भन्ने भावनाहरु हामीसामु अभिव्यक्त गर्नु भएको छ, त्यसलाई म यस सम्मानीत सदन समक्ष राख्न चाहान्छु । ऐतिहासिक रुपमा सम्पन्न हुन गई रहेको प्रथम तमु एकता राष्ट्रिय महाधिवेशनको बन्दशत्र समारोहको यस गरिमामय शत्रमा आफ्नो प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा म आफुलाई गौरवान्वित महशुस भै रहेको छ । साथै तमु छोंज धीं र गुरुङ राष्ट्रिय परिषद दुवै संस्थाको विगतमा भए गरेका कार्यक्रमहरु ऐतिहासिक पृष्ठभूमि सहित भावी नीति तथा कार्यक्रमहरु यस ऐतिहासिक प्रतिवेदनमा सःविस्तारमा राख्नुपर्ने हो तर पनि एकताको प्रकृया अगाडी बढाउने क्रममा देखिएका विभिन्न फरक बुझाइहरुको कारणले मैले समय अभाव स्वरुप यो प्रतिवेदन अत्यन्तै सटीक रुपमा पेश गरेको छु, यसलाई कमजोरीको रुपमा भन्दा पनि परिस्थितिको विवश्ता हो भन्ने हिसावले बुझिदिनुहुन सवैमा अनुरोध गर्न चाहान्छु ।

**आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक साथीहरु,**

नेपाल वहुजातिय, वहुभाषिक, वहुसाँस्कृतिक र वहुधार्मिक मुलुक भएता पनि यो माटोमा एकल जातिय, भाषिक, सास्कृतिक र धार्मिक एकाधिकार कायमै रहेकोले हामी मूल आदिवासी जनजातिहरुले त्यही एकाधिकारको विरुद्धमा आवाज वुलन्द गर्नकोलागी वि.सं. २०४९ मा सम्पुर्ण तमुहरुको सहमतिमा तमु छोंज धीं को स्थापना गरेका थियौं । उक्त संगठनको मुलुकभरि ४५ वटा जिल्लाहरुमा जिल्ला कार्य समिति र नेपाल तमु विद्यार्थी छोंज

धीं साथै तमु महिला छोंज धीं जस्ता भातृ संस्थाहरु कृयाशिल रहेका छन् । तमु छोंज धींको शसक्त भातृ संस्था नेपाल तमु विद्यार्थी छोंज धीं नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघको संघिय परिषदको सदस्य र संस्थापक सदस्य रहेको छ साथै नेपाल आदिवासी जनजाति महासंघको ४३ वटा जिल्ला समन्वय समितिमा तमु छोंज धींको जिल्ला कार्यसमितिको सक्रिय नेतृत्व रहि आएको छ । तमु छोंज धीं ले २०५१ फाल्गुन ६,७ र ८ गते सुनसरी, धरानमा तत्कालिन कानून न्याय तथा संसदीय व्यवस्था मन्त्री मा. श्री सुभाषचन्द्र नेम्वाङ्गज्यूबाट उद्घाटन भै प्रथम राष्ट्रिय सम्मेलन साथै ३/३ वटा महाधिवेशनहरु क्रमशः २०५२ मंसीर २३, २४ र २५ गते काठमाण्डौंमा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूबाट उद्घाटन भई प्रथाम राष्ट्रिय महाधिवेशन, २०५५ माघ ८, ९ र १० गते पोखरामा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यूबाट उद्घाटन भई दोस्रो राष्ट्रिय महाधिवेशन र २०६१ बैशाख ८,९ र १० गते काठमाण्डौंमा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री सूर्यबहादुर थापाज्यूबाट उद्घाटन भई तेस्रो राष्ट्रिय महाधिवेशन समेत सु-सम्पन्न गरी  चौथो राष्ट्रिय महाधिवेशन गर्ने संघारमा उभिएको अवस्था छ । तमु छोंज धींको सांगठनिक संरचना एकात्मक प्रणालीको आधारमा रहेकोछ । साथै गुरुङहरुको बिचमा मर्दाको मलामी र जिउँदाको जन्तीजाने सामाजिक संस्थाको रुपमा मात्रै नभएर यसले आफुलाई तमु जातिय हक हित र अधिकारको लागि आवाज बुलन्द गर्ने जातिय संगठनको रुपमा बिकास गर्दै लगेको छ । त्यही कारणले आफ्नो स्थापना कालदेखिनै तमु छोंज धींले तत्कालिन श्री ५ को सरकारको राष्ट्रिय गान श्रीमान गम्भिर................. कहिल्यै आफ्नो कार्यक्रममा गाएन बरु त्यसको बदलामा तमुहरुको आफ्नो छुट्टै राज्य तमुवानको कल्पना सहित तमु ह्यूल्सा क्युई (राष्ट्रिय गान) गाउँदै आएको छ जसलाई एकीकृत संस्थाले समेत आत्मसात गरेकोछ । जनआन्दोलन ०६२/०६३ को सफलतासँगै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमय भएको अवस्थामा तत्कालिन आन्तरिम सदनले पारित राष्ट्रिय गान लाई भने हामीले आत्मसात गरेका छौं ।

**तमु छोंज धींले हालसम्म गरेका मुख्य उपलब्धीहरु देहाय अनुसार रहेको छ ।**

- देशभरी तमु जातिय जागरण उठाउन सफल भएको ।
- देशभरी र मुख्य गरिकन पुर्वाञ्चलमा तमुहरुको बिचमा गुम्बा,क्होइबु निर्माण गरि हिन्दुकरणमा परेका गुरुङहरुलाई आफ्नो भाषा, संस्कार, संस्कृति आदि जागरण सृजना गरेको ।
- तमु छोंज धीं को शाखाहरु ४५ वटा जिल्ला देखि गाउँ गाउँ सम्म पुऱ्याई धेरै जिल्लाहरुको आफ्नै कार्यलय भवन निर्माण भएको ।

- तमुवान संयुक्त संघर्ष समिति गठन गरि उक्त समिति मार्फत तमुवानको हरेक जिल्लाहरुमा स्वागत बोर्ड राख्ने साथै प्रथम चरणको आन्दोलन स्वरुप हरेक जिल्लामा तमुवान सम्बन्धि जानकारी दिने ध्येयले आमसभा आयोजना गरिएको थियो ।
- रुपन्देही देवदह स्थित **देवदह मदर टङ्स एकेडेमी**लाई गुरुङ भाषा पठन पाठन गर्ने पहिलो विद्यालयको रुपमा घोषणा गरि तमु भाषाको संरक्षण संबर्धनमा ठुलो योगदान पुर्याएकोमा कदर गर्दै प्रोत्साहन गर्दै आएको ।

२०५७ साल पौष ७ गते तमु छोंज धीं को आन्दोलनको कारणले तत्कालीन श्री ५ को सरकारद्धारा गुरुङहरुलाई पौष १५ (तमु ल्होसार) एकदिन जातिय बिदा दिने घोषणा भएको ।

- नेपाल सरकारको तर्फबाट रु २० लाख रुपैया अनुदान सहयोग र देशभरिका तमुहरुबाट आर्थिक संकलन गरि तमु छोंज धींको केन्द्रिय कार्यालय तथा संग्रहालय भवन निर्माण हुँदै गरेको ।
- तमु छोंज धींको अग्रसरतामा सरकारलाई शसक्त दबाव दिई २०६४ पौष १२ गते तत्कालिन अन्तरिम सरकारको तर्फबाट पौष १५ तमु ल्होसार को लागि १ दिन सार्वजनिक बिदा घोषणा भएको ।
- अमर सहिद शुकदेव गुरुङको शालिक तमु छोंज धिं जिल्ला कार्य समिती रुपन्देहीको अग्रसरतामा रुपन्देही भैरहवामा अनावरण गरिएको साथै शहिद लालध्वज गुरुङ, धर्मध्वज गुरुङ , हरि प्रसाद गुरुङ आदि शहिदहरुलाई राज्य पक्ष बाट उचित सम्मान दिन दबाव दिदै आएको ।

**आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक साथीहरु,**

मुलुक भित्रका थुप्रै आदिवासी जनजातिहरु मध्येको एक मुल आदिवासी जनजाति हामी तमू (गुरुङ) पनि हौं । हाम्रो आफ्नै मौलिक पहिचान छ- आफ्नै भाषा, धर्म, संस्कृति र मूल्य-मान्यताहरु छन् । युगौं देखि तमूहरुले मुख्य गरीकन कालीगण्डकीदेखि बुढी गण्डकीभित्रका गोरखा, लमजुङ्ग, तनहुँ, कास्की स्याङ्गजा, पर्वत, मनाङ्ग र मुस्ताङ्ग जिल्लाहरुमा बसोवास गर्दै आएको भएतापनि पनि हामी तमुहरु मुलुकभर छरिएर रहेका छौं । मुलुक र मुलुक बाहिर थुप्रै तमू संघ संस्थाहरु अस्तित्वमा छन् तापनि तमू छोंज धीं र गुरुङ (तमू) राष्ट्रिय परिषदले राष्ट्रियस्तरको मान्यता लिई कार्यरत रहेको कुरा हामी सवैले हेक्का राख्न आवश्यक छ ।

**प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु !**

त्यस्तै गरि तमुहरुको अर्को राष्ट्रियस्तरको संगठन तमू (गुरुङ्ग) राष्ट्रिय परिषदको वि.सं. २०५७ मा स्थापना भएको हो । उक्त संगठन खास गरिकन काठमाडौं उपत्यका र पोखरामा कृयाशिल छ तापनि यसका सदस्य संस्थाहरु सुर्खेत, दैलेख र जुम्लामा समेत रहेको छ भने

यसको छत्रछायाँमा  विद्यार्थी, महिला र युवा संघहरु कार्यरत छन् । उक्त संस्था गुरुङ्ग समुदायको तर्फबाट नेपाल आदिवासी जनजाति महासंघको संघिय परिषद सदस्य रहँदै आएको छ । यस भन्दा अघि संघीय परिषदको सदस्य तमू बौद्ध सेवा समिति रहेको जानकारी गराउदैं तमू राष्ट्रिय परिषद र तमू बौद्ध सेवा समितिको आपसी सहमतिमा तमू राष्ट्रिय परिषद जनजाति महासंघको संघिय परिषद सदस्यको रुपमा रहदै आएको जानकारी गराउन चाहन्छु । त्यसै गरी गुरुङ राष्ट्रिय परिषदमा आवद्ध नेपाल तमू महिला संघ पनि राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संघीय सदस्य र संस्थापक सदस्य रहदै आएको छ । गुरुङ राष्ट्रिय परिषदले हालसम्म दुई-दुई वटा महाधिवेशनहरु क्रमशः २०६० बैशाख २०,२१ र २२ गते काठमाडौंमा तत्कालिन उप-प्रधानमन्त्री श्री बद्रीप्रसाद मण्डलज्यूबाट उद्घाटन भै प्रथम राष्ट्रिय महाधिवेशन र २०६४ मंसिर १५, १६ र १७ गते पोखरामा तत्कालिन सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङज्यूबाट उद्घाटन भै दोस्रो राष्ट्रिय महाधिवेशन सु-सम्पन्न गरि सकिएकोछ ।

**आदरणीय प्रतिनिधि साथीहरु**

अव म हामीलै एकता सम्वन्धी गरिएका प्रयासहरु संक्षेपमा राख्ने अनुमति चाहन्छु । हामी बिच देखिएका मुख्य २ वटा संस्थाहरु बिच एकता गर्ने पहल कदमी बिगतका दिनहरुमा पनि भएको थियो । खास गरिकन २०५७ बैशाख २९, ३० र ३१ गते दुधपोखरी तमु समाजको सभाकक्ष पोखरा, कास्कीमा “तमु संघ-संस्थाहरु वीच एकीकरणको आवश्यकता र औचित्य” विषयक नेपाल तमु विद्यार्थी छोंज धीं केन्द्रीय समितिद्धारा आयोजित तीन दिवसीय अन्तरकृया कार्यक्रम, २०६० वैशाख २०, २१ र २२ गते गुरुङ्ग राष्ट्रिय समन्वय परिषदको प्रथम राष्ट्रिय सम्मेलन ताका गरीएको एकताको प्रयास, २०६२ मा प्रारम्भ गरी २०६४ मा तमु एकता पहल समिति मार्फत गरिएको प्रयासहरु विविध कारणले सफल हुन सकेन । समयको माग अनुसार यही २०६५ कार्तिक ९ गते देखि पौष १२ गते सम्म पटक पटक गरि ९ वटा बैठक बसि तमु छोंज धी र गुरुङ राष्ट्रिय परिषदबाट खटिएका वार्ता समितिले गरीएका सहमतिहरुको आधारमा यो **“ऐतिहासिक प्रथम तमु एकता राष्ट्रिय महाधिवेशन”** नारायणगढ, चितवनमा आज हामी सु-सम्पन्न गर्न लागी रहेकाछौं । उक्त वार्ता समितिमा तमु छोंज धींको तर्फबाट महासचिव श्री खड्गबहादुर तमुज्यूको नेतृत्वमा क्या. गुमान सिंह तमु, श्री भद्रमान तमु, श्री रेशम तमु र श्री कुम्भराज तमु रहनुभएको पाँच सदस्यीय वार्ता समिति र गुरुङ्ग राष्ट्रिय परिषदको तर्फबाट उप.प्रा. श्री डेलमान तमुज्यूको नेतृत्वमा उप.प्रा. नारायण ल्हेगे तमु, श्री गर्जबहादुर तमु, श्री डिवी तमु र श्रीमती कौशिला तमु रहनु भएको समेत म सगौरव यहाँहरुलाई जानकारी गराउन चाहान्छु । वहाँहरुकै प्रयत्नको प्रतिफल स्वरुप यस ऐतिहासिक अवसरमा भेला भई भिन्न भिन्न मतहरुलाई एकिकृत गर्ने जुन अवसर हामीलाई प्राप्त भएको छ यो निश्चयनै हाम्रा

पुर्खाहरुले हामीलाई सुम्पेको गहन जिम्मेवारी हो भन्ने हिसावले बुझिदिनुभइ यसलाई गम्भिरतापुर्वक लिईदिनुहुन म सवैमा अनुरोध गर्न चाहान्छु । हामी जुनसुकै राजनीतिक धरातलमा उभिएतापनि तमुहरुको हक हित र अधिकारका लागि ऐक्यवद्धता जाहेर गर्दै स्वदेश तथा विदेशमा रहेका तमु संघ संस्थाहरुबिच आपसी भाईचाराको सम्बन्ध सद्भाव र समन्वय कायम गरी राष्ट्र निर्माणको मुल प्रवाहमा समाहित हुने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु ।

दुवै सस्थाको आ-आफ्नो साँगठनिक इतिहासलाई लिपिबद्ध गर्दै समयको माग अनुसार गुरुङहरुको चाहनामा देहाएका भावी निति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

- संविधानसभामार्फत नेपाललाई संघिय लोकतान्त्रिक गणतन्त्रको रुपमा संस्थागत गरी तमुवान राज्यको सुनिश्चितताको लागि शसक्त कार्यक्रमहरु गर्ने ।
- एउटै साझा क्षेत्र, उद्धेश्य र लक्ष्य भएकोले संयुक्त अवधारणा अनुरुप संस्थागत विकासको सुदृढीकरण गर्ने ।
- भावनात्मक रुपमा सामाजिक एकताको पहिचान दिने ।
- ऐतिहासिक पृष्ठभूमि (१८८५ को ताम्रपत्र, १९२४ को लालमोहर, १९७८ को भारदारी फैसला र २०६३ को पुनरावेदन अदालतको मिलापत्र) लगाएत २०११ सालमा गठन गरिएको गुरुङ्ग कल्याण संघको भूमिका देखि हालसम्मको संगठनात्मक विकास क्रमलाई अभिलेख गर्दै मुल प्रवाहमा समाहित गर्ने ।
- तमु जातिलाई राजनैतिक, आर्थिक, सामाजिक, भाषिक, साँ!स्कृतिक र धार्मिक रुपमा सवल र शसक्त गर्दै लैजाने ।
- राज्यको मूल प्रवाहमा गुरुङ्गहरुको पहिचान, पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित गर्ने ।
- आदिवासी जनजातिको हक, हित र अधिकार संवन्धी सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धिहरु प्रति प्रतिवद्धता र ऐक्यवद्धता सामुहिक रुपमा जनाउने ।
- मातृ भाषा (तमु भाषा) शिक्षाको लागि विद्यालय स्थापना गरि संचालन गर्न राज्यसंग माग गर्ने ।

**आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक महानुभावहरु,**

तमु छोंज धीं र गुरुङ्ग राष्ट्रिय परिषद बिच गत पौष १३ गते काठमाण्डौमा सम्पन्न पत्रकार सम्मेलनमा वितरित संयुक्त रुपमा हस्ताक्षर भएको प्रेश विज्ञप्तिको भावना बमोजिम नीतिगत सहमतिको आधारमा ऐतिहासिक प्रथम तमु एकता राष्ट्रिय महाधिवेशन भव्यताका साथ सु-सम्पन्न हुन गैरहेको व्यहोरा पुन एकपटक अवगत गराउन चाहान्छु । खास गरीकन ऐतिहासिक संविधानसभाको निर्वाचन पश्चात मुलुक संविधान लेख्ने अभियानमा जुटेको छ यसमा हाम्रा मुद्धाहरुलाई समावेश गर्नको निम्ति यो एकताको  झनै आवश्यक महशुस

हामीले गरेका छौं । मुख्य गरि तमुवान राज्य प्राप्तिको आन्दोलनलाई यदि हामीले शसक्त ढंगले उठाउन सक्यौ भने हाम्रो यो एकता अभियान निश्चयनै सफल भएको इतिहासमा सुनौलो अक्षरमा लेखिनेछ । यस एकता अभियानलाई अझै भावनात्मक रुपमा एक ठाउँमा ल्याउनको निम्ति हाम्रा सामु कैयौं सम्भावना र चुनौतीहरु छन् ती सवैलाई हामीले स्वीकार्नुपर्ने हुन्छ । नेपालको आदिवासी जानजाती आन्दोलन करिब करिब एउटा उत्कर्षमा पुगेको छ, यसलाई असफल बनाउनको निम्ति विभिन्न राष्ट्रिय अन्तराष्ट्रि जाल झेलहरु भइरहेका छन । नेपालको सन्दर्भमा विभिन्न राजनीतिक पार्टीहरुले इतिहास देखि वर्तमान सम्म हामीलाई प्रयोग गर्दै आइ रहेको छ, हामी आदिवासी जनजातिहरु बिचको एकतालाई कमजोर बनाउनको निम्ति आज विभिन्न राजनीतिक पार्टीहरु हाम्रो जस्तो सामाजिक जातिय संस्थामा फुटाउ र शासन गर को निति अन्तर्गत कुन पार्टीको गुरुङ ले साझा संस्थामा नेतृत्व लिने भन्ने अत्यन्तै खतरनाक प्रयासहरु भएको हामी देख्दछौं । यदि त्यसबाट बचेर **पार्टी भन्दा जाति ठूलो** भन्ने भावनाको बिकास हामीले गर्न सकेनौ भने यो गुरुङहरु बिचको एकताले पनि सार्थकरुप लिन सक्ने अवस्था छैन त्यसैले म यसलाई गम्भिरतापूर्वक लिनको निम्ति अनुरोध गर्न चाहान्छु ।

**आदरणीय प्रतिनिधि साथीहरु**

इतिहासको कुनै मोडमा हामीले यो संस्थालाई जातिय पार्टीको रुपमा रुपान्तरित गर्ने अवस्था पनि श्रृजना हुन सक्छ त्यसैले हामी विभिन्न पार्टीमा सक्रिय वा आस्थावान तमुहरु यसको मुल गतिलाई हृदयमा राख्नको निम्ति सवैमा सचेतता पुर्वक अनुरोध गर्न चाहान्छु । अन्तमा, यस ऐतिहासिक महाधिवेशनमा प्रस्तुत गर्ने सांगठनिक प्रतिवेदनमा धेरै विषयहरु निश्चयनै छुटेका छन त्यसलाई साथीहरुले सच्याईदिनुहुनेछ भन्ने पूर्ण विश्वास सहित तमुहरु बिचको यो एकतालाई अमर पार्नको निम्ति सवै लागौं भन्ने आव्हान गर्न चाहान्छु । धन्यवाद !

तमु एकता अमर रहोस

तमुवान जिन्दावाद ।

**खड्गबहादुर गुरुङ**
**संयोजक**
प्रतिवेदन मस्यौदा उप समिति
प्रथम तमु एकता राष्ट्रिय
महाधिवेशन २०६५